# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ५ भदौ २०८०
# मङ्गलवार
# बैठक सङ्ख्या- ३७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १५:१४ बजे प्रारम्भ भयो ।

(१५:१६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, आजको बैठकमा शून्य समय नरहने बेहोरा जानकारी गराउँदछु । माननीय सदस्यहरू, माननीय सदस्यहरूले समसामयिक विषयमा बोल्नको लागि दलीय आधारमा समय माग गर्नुभएको छ, अब म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । माननीय सुरेश कुमार आलेमगर । समय १० मिनेट ।

(१५:१७ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, छिमेकी घरमा र हाम्रो घरमा केही महिनादेखि, केही दिनदेखि उही दृश्य दोहोरिरहेको छ । जो हाम्रो घरमा हुन्छ, त्यही छिमेकी घरमा हुन्छ । जो छिमेकी घरमा हुन्छ, त्यो हाम्रो घरमा हुन्छ । आज विविध सुत्रहरूबाट थाहा भएअनुसार, त्यो दृश्य दोहोरिने छैन भन्ने सुनिया थियो । तर फेरि त्यस्तो लाग्या थ्यो फेरि त्यही सुत्रले बताएअनुसार त्यही दृश्य दोहोरिन्छ रे भन्ने सुनियो। यसो यो सुन्दाखेरि, यो थाहा पाउँदाखेरि

मजा चाहिँ लागिरहेको छैन । यो संसदीय व्यवस्थामा सदन अवरोध गर्न पाइन्छ, गर्छन् । हामीले पनि गर्थ्यौं । फेरि भविष्यमा पनि हामी प्रतिपक्षमा गयौं भने हामीले पनि गरौंला तर यसरी अवरोध गर्दाखेरि एउटा कारण चाहिँ हुन्छ । त्यो कारण logical हुन्छ, त्यो कारण rational हुन्छ । जस्तैः अस्तिनै के भनेर सदन अवरोध गरियो, प्रधानमन्त्रीको राजीनामा मागियो । त्यो पनि के कुरामा एक जना कुनै मान्छेलाई, कुनै मान्छेले भनेको कुरा सम्माननीय प्रधानमन्त्रीज्यूले भन्नुभएको आधारमा वहाँको राजीनामा मागियो । र भारतले बनाएको प्रधानमन्त्री भनेर यद्यपि त्यो कथा पुरानो भइसक्यो । त्यो पटाक्षेप भइसकेको छ । तर पनि मैले यहाँ यहाँ उल्लेख गर्न चाहें । जे कुरा वहाँले फलानाले भन्यो भनेर भन्नुभ'को थियो । त्यो कुराको आधारमा कुनै अन्य देशले बनाएको प्रधानमन्त्री भन्ने आधारमा राजीनामाको माग गरियो । मलाई चाहिँ के लागेको थियो भन्दाखेरि सम्माननीय प्रधानमन्त्रीले त्यो भनेको कुरा चाहिँ स्पष्टीकरण माग्न योग्य हो । के भन्नुभा'को होला वहाँले भन्ने जिज्ञासा हामीलाई पनि थियो । उहाँकै पार्टीको कार्यकर्ता हामी भ'को हुनाले हामीलाई पनि त्यो जिज्ञासा थियो । वहाँले स्पष्ट पार्दिंदा हुन्थ्यो । तर राजीनामा मागियो, त्यो भनेर राजीनामा मागियो । यसो भनेको हुनाले फलाना देशले प्रधानमन्त्री बनाएको हुनाले राजीनामा दिनुपर्छ । प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ । राजीनामा नदिएसम्म यो सदन चल्दैन भनेर माग गरियो । त्यस्तो खालको अवस्था पनि भयो । तर आखिरीमा त के भयो भन्दाखेरि राजीनामा त दिनुभएन सम्माननीय प्रधानमन्त्रीज्यूले । नदिँदा नदिँदै पनि फेरि सदन त खोलियो, अवरोधको अन्त्य त भयो । यस्तो खालका घटनाहरू भएका थिए र सानो सानो कुराहरूमा पनि जुन कुराहरूमा राजीनामा माग्नुपर्दैन, त्यही कुरामा पनि राजीनामा मागेर सानो सानो कुरामा पनि बखेडा झिकेर जुन प्रकारले सदन अवरोध भैरहेको छ । यहाँनिर चाहिँ हामीलाई चिन्ता लागिरहेको छ । निश्चित रूपमा यो सदन जनताका जल्दाबल्दा समस्याहरूमाथि छलफल गर्ने, महत्त्वपूर्ण आवश्यक विधेयकहरू ऐन निर्माण गर्ने थलो हो । तर त्यो दिशातर्फ यो सदनलाई जान दिइएको छैन । यहाँनिर हामीलाई के त भन्दाखेरि दुःख लागेको छ, सम्माननीय अध्यक्ष महोदय । यो सिलसिला एक दिन मात्रै होइन, दुई दिन मात्रै होइन धेरै दिनदेखि चल्दै आएको छ । र प्रतिपक्षले, प्रतिपक्षले त कस्तो भन्दाखेरि अब जुनसुकै पनि बेला सदन अवरोध गर्दिने, कहिले सदनै विघटन पनि गर्दिने, प्रतिनिधि सभा विघटन गर्दिने, खालका पनि कदमहरू चाल्नुभयो प्रतिपक्ष साथीहरूले । चाहे सत्तापक्षमा होस्, चाहे प्रतिपक्षमा होस्, सदनलाई चल्नै नदिने, कहिले सदनको अस्तित्व नै मेटिदिने, कहिले सदनलाई चल्न नदिने खालको हरकतहरू यहाँ भैरहेको छ । त्यो चाहिँ के त भन्दाखेरि अलिकति दुःख लाग्दो हामीलाई भएको छ । यसो गरिरहँदा चाहे सत्तापक्षमा होस्, चाहे प्रतिपक्षमा होस्, एउटा अक्षरको सहारा लिएर वहाँले यो सदनलाई अवरोध

पुऱ्याइरहनुभएको छ । एउटा अक्षर 'ख', 'ख' अक्षरको सहाराले, एउटा अक्षर 'ख' सत्तापक्ष हुँदाखेरि 'ख' कै अक्षर प्रयोग गर्ने । प्रतिनिधि सभामाथि खड्ग प्रहार गर्ने, प्रतिपक्षमा रहँदाखेरि पनि 'ख' कै प्रयोग गर्ने । खडे खडे भएर यो सदनलाई अवरोध गर्ने खालको जुन किसिमको कुराहरू भयो । यो मलाई लाग्छ नेपालको संसदको इतिहासमा यस्तो घटना चाहिँ भएको छैन । सत्तापक्षमा हुँदाखेरि पनि सदनमाथि प्रहार, खड्ग प्रहार विघटन गरिदिने । सत्तापक्षमा नहुँदा फेरि उभिएर साना साना कुराहरूमा पनि एउटा बखेडा झिकेर सदन चल्न नदिने खालका जुन गतिविधि भएका छन् । त्यसले गर्दाखेरि हामी, हामी यो सदन, यो सदन, यो संसद आफ्नो जुन कर्तव्य हो, आफ्नो जुन दायित्व हो, त्यसबाट विमुख हुन परिरहेको अवस्था छ । यो बारेमा प्रतिपक्षज्यूको चाहिँ ध्यान गम्भीर रूपमा जाला भन्ने म आशा गर्न चाहन्छु । र वहाँहरूलाई पनि म अनुरोध गर्न चाहन्छु र यसरी वहाँहरू अहिले सत्तापक्ष भएको भए त सायद के गर्नुहुन्थ्यो थाहा छैन । तर केपी ओलीज्यूले भन्नु भएअनुसार चाहिँ पार्टीमा धेरै अवरोध ल्याए मलाई अनि मैले संसद विघटन गरिदिएँ । पार्टीमा धरै अवरोध ल्याए, समस्या पैदा गरे, त्यसैले मैले संसद विघटन गरिदिएँ । कस्तो तर्क हो? हामीले बुझ्न सकेका थिएनौं त्यति बेला । ठिक छ, सदनमा त पार्टीभित्र चाहिँ अन्तरविरोध भएको थियो । अन्तरसंघर्ष भएको थियो । वहाँलाई समस्या परेको थियो होला । प्रचण्ड कम्रेड, माधव कम्रेडहरूले वहाँलाई अवरोध पुऱ्याउनुभएको थियो होला । तर संसदले के गरेको थियो त्यति बेला? सिङ्गो यो प्रतिनिधि सभाले के गरेको थियो त्यति बेला? आफ्नो घरमा समस्या भयो भनेर छिमेकीको घर भत्काइदिने? त्यस्तो खालको पनि भएको थियो । अहिले चाहिँ संयोगले वहाँहरू सत्तामा हुनुहुन्न, सत्तापक्ष हुनुहुन्न, सत्तासीन हुनुहुन्न, प्रतिपक्षमा हुनुहुन्छ । त्यसैले यति बेला सदन विघटन त गर्न सक्नुहुन्न वहाँहरूले, त्यो अवस्थामा वहाँहरू हुनुहुन्न तर के गर्दिने यो सदनलाई चाहिँ अगाडि बढ्न नदिने । सत्तालाई आफ्नो काम कर्तव्य गर्न नदिने । जनताको समस्याहरूमाथि केही हुन नदिने खालको चाहिँ भइरहेको छ, खडे खडे भएर उभिएर । त्यो देख्दा हामीलाई पनि निकै दुःख लाग्यो । एक दिन त हामीले, एक दिन त होइन केही दिन हामीले पनि साथ दियौं । किनकि हामी चाहिँ बसिरहेका छौं, हाम्रा साथीहरू बिचरा उभिरहनुभएको छ, बस्नुस् भन्दा मान्नुहुन्न । हामीले मात्रै के कुरा, सम्माननीय अध्यक्षज्यूले भन्दा पनि मान्नुहुन्न । त्यो भएर हामीले पनि वहाँहरूलाई साथ दिनुपर्ने स्थिति आयो । प्रतिपक्ष पनि उभिने, सत्तापक्ष पनि उभिने खालको स्थिति यहाँनिर देखापऱ्यो । त्यसरी यो जुन कुराहरू भैरहेको छ । निश्चित रूपमा के छ, भन्दाखेरि यो चाहिँ सदनलाई एउटा नियतवश सुनियोजित तरिकाले अगाडि बढ्न नदिने, जनताको समस्यामा केन्द्रित हुन नदिने, महत्त्वपूर्ण ऐनहरू, कानुनहरू निर्माण गर्न नदिने भन्ने खालको हो भन्ने हामीलाई लाग्दछ । त्यसकारणले यो कुराको अन्त्य हुनुपर्दछ भन्ने म मेरो धारणा राख्न चाहन्छु । यो

बारेमा आदरणीय नेतृत्वहरूले पनि सरसल्लाह गरिरहनुभएको होला र आज सायद त्यो अन्त्य हुन्छ भन्ने सुनिएको थियो तर त्यो भएनछ । आज पनि सायद त्यही कथा, पुरानै कथा, छिमेकी घरको कथा यहाँ पनि दोहोरिए जस्तो चाहिँ हामीले बुझेका छौँ र त्यसैले यतिका महिना बितिसक्दा पनि एकातिर सदनले ऐन, कानुन निर्माण गर्न नसक्ने कुरा, अर्को त यही कारणले जनताहरूले हामीलाई चाहिँ भत्ता खाएर बसेका छौँ, केही काम गर्दैनौँ भनेर हामीलाई निसाना बनाउने कुरा, प्रहार गर्ने कुराहरू भैरहेका छन् । त्यो कुरा छिटोभन्दा छिटो अन्त्य हुनुपर्दछ । हामी यो आशा गर्दछौँ । हाम्रो सत्तापक्ष, प्रतिपक्ष सबै पार्टीका नेतृत्वहरूलाई यो दिशातर्फ कदम चाल्नका लागि पनि हामी अनुरोध गर्दछौँ ।

सम्माननीय अध्यक्ष महोदय, अब म अर्को विषयतर्फ जान चाहन्छु । यहाँ केही समय अगाडि एक जना माननीयज्यूले आफ्नो नाम सही प्रकारले उच्चारण नभएको कुरा राख्नुभएको थियो । यद्यपि त्यो कुरा सामान्य थियो तर वहाँले बडो मर्मका साथ राख्नुभएको थियो । माननीयज्यू, यहाँनिर यस्तै यस्तै छ, यस्तै यस्तै छ, यस्तो एउटा mindset छ । नाम पनि तपाईंले फेरि कस्तो राख्नुहुन्छ कुन्नि सोनाम गेल्जेन, यस्तो नाम राखिदिएपछि त उच्चारण गर्न गाह्रो भैहाल्छ नि उहाँहरूलाई । नाम चाहिँ के हुनुपर्छ कृष्ण, हरि, राम, श्याम, इश्वर यस्तो हुनपर्छ । अनि पो सजिलो हुन्छ उहाँहरूलाई नाम लिन । नाम राख्नुहुन्छ सोनाम गेल्जेन अनि त गाह्रो भैहाल्छ नि । यस्तो नाम फेर्ने कुरा यति बेला मात्रै होइन धेरै अगाडिदेखि चल्दै आएको छ माननीयज्यू । जस्तै अब नेपालकै सन्दर्भमा मेरो एउटा साथी हुनुहुन्छ सीताराम तामाङ, वहाँको वास्तवमा नाम हो सोनाम रेन्जेङ तामाङ र वहाँको headmaster ले राख्दियो नाम, सीताराम तामाङ, वहाँलाई त्यही नाम मिठो लाग्यो, त्यही नाम राम्रो लाग्यो । अर्को साथीको नाम छ, पर्शुराम तामाङ, वहाँको नाम हो पासाङ दोर्जे तामाङ, वहाँको नाम राखियो पर्शुराम तामाङ, एक जनाको त श्याम सुन्दर शेर्पा राख्दिएको छ । यो सिलसिला यहाँ मात्र होइन, भारतमा समेत छ । विचरा युसुफ खानको नाम दिलिप कुमार राखिदिए । नाम हो युसुफ खान राखिदिए दिलिप कुमार । त्यस्तै नाम हो मेहजबीन् बानो राखिदिए मिना कुमारी, नाम हो सयद इस्तियाक जाफरी नाम राखिदिए जग्दिप । त्यस्तै त्यस्तै चलन छ माननीयज्यू के गर्ने त्यसैले यस्तो कथा यहाँनिर छ एकातिर, यहाँ त अरू त अरू एउटा सशस्त्र प्रहरी बलको गणको नाम पनि कङ्कालिनीमाई गण, दक्षिणकालीमाई गण हुन्छ । प्रदेशको नाम पनि निरङ्कुश तानाशाही पञ्चायती भूतलाई बिउँताउँदै गण्डकी, गण्डकी राखिन्छ, बागमती राखिन्छ । तपाईंको नाम गलत उच्चारण हुनु त्यति छुट् नहुने कुरो हो जस्तो मलाई लागेको छैन । त्यसरी यिनै कुरा राख्दै यी सबै कुराहरूमा सबैको ध्यान जाने छ भन्ने कुरा राख्दै र यो सदन जुन अवरोध केही समयदेखि

भैरहेको छ । यो सदन खोल्न, खोल्नेतर्फ सम्बन्धित सबै विशेष गरेर हाम्रो आदरणीय नेतृत्व वर्ग, सत्ताको विपक्षको वहाँहरू र अन्य अरू सबै साथीहरू लाग्नुहुने छ भन्ने अपेक्षा गर्दै मेरो भनाइ यहीं टुङ्ग्याउन चाहन्छु । धन्यवाद, अभिवादन ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय देवेन्द्र दाहाल । समय १० मिनेट ।

**(१५:२८ बजे) <u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, झण्डै एक महिना भइसक्यो यो सदन अवरूद्ध छ । र यो सदन अवरूद्ध चाहिँ सत्तापक्षले गऱ्या छ भन्ने हामीलाई हामीले आरोप लगाएछौं, कारण के त भन्दाखेरि अब लगभग नजिक नजिक ४ ओटा नजिक उच्चस्तरीय समिति, छानबिन समिति बन्दै छ भन्ने कुरा सुनियो, तर पनि त्यो बनिसकेको छैन । त्यसले गर्दा त्यो सदन अझै पनि अवरूद्ध नै छ, के हुन्छ त्यसको अझै भन्न सकिँदैन । समयमा हामीले ध्यान दिँदैनौं, त्यसले गर्दाखेरि अनि प्रतिपक्षतिर फर्केर सत्तोसराप गर्ने हाम्रो एउटा प्रचलन छ, यो प्रचलनलाई अन्त्य गर्नुपर्छ भन्ने मलाई लाग्छ । सम्माननीय अध्यक्षज्यूमार्फत म यो कुरो सम्बद्ध सबैलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

दोस्रो कुरा, हामीले राष्ट्रिय सभामा एउटा नयाँ अभ्यास सुरू गऱ्या छौं । जनताका आवाजहरू रोकिए, जनताका आवाजहरू बुलन्द गर्न पाइएन, संसद भनेका जनताका आवाजहरू घन्काउने, जनताका आवाजहरू उठाउने, त्यसको लागि, समाधानका लागि प्रयत्न गर्ने, आफ्ना आवाजमार्फत सरकारको ध्यानाकर्षण गराउने भन्ने नै हो हामीले बुझेको । तर के भयो भने हामीले एउटा नयाँ अभ्यास गऱ्यौं, ल ठिक छ नि त जनताका आवाजहरू उठाऊँ भनेर, सबै दलको तर्फबाट बोलौं, सबै दलका आआफ्ना धारणाहरू यहाँ अभिव्यक्त गरौं भनेर हामीले त्यो अभ्यास सुरू गऱ्यौं । तर मैले एकाध जना माननीयज्यूहरूदेखि बाहेक विषयमा केन्द्रित भएको र कुनै जनताका आवाज उठाएको पाइन । खाली यो संसद अवरूद्ध गर्न हुँदैन थियो भन्ने, सत्तोसराप गर्ने, गाली गर्ने, यसखालको प्रवृत्ति रह्यो । त्यसकारणले गर्दाखेरि आगामी दिनहरूमा पनि यो कुरालाई हामीले शिक्षाको रूपमा लिनुपर्छ । र राष्ट्रिय सभाले यो एउटा राम्रो अभ्यास पनि सुरू गऱ्या छ । वास्तविक जनताका आवाजहरू जनताका पीर मर्काहरू के थिए त? भनेर त्यसको बारेमा आवाजहरू उठ्नुपर्थ्यो र त्यो उठिरहेको छैन । त्यसमा मलाई दुःख लाग्या छ ।

र स्वाभाविक रूपले उच्चस्तरीय छानबिन समिति बनाउनुपर्छ भन्ने हाम्रो अडान कायम छ । त्यस सन्दर्भमा हाम्रा पछिल्ला हाम्रा व्यवहारहरूले पनि त्यस कुरालाई पुष्टि गर्छ । र त्यो कुरा नहुन्जेलसम्म सदन अवरूद्ध रहन्छ भनेर हामीले भन्या छौं । र आज चाहिँ यी म कुराहरू राख्दै एउटा असाध्यै अहिले चर्चाका आएको विषय यो सदनमा उठाउन चाहन्छु । त्यो विषय के हो भन्दाखेरि एक जना भारतीय विवादास्पद व्यक्ति कथित धर्म गुरू बनेर यहाँ नेपालमा आएका छन् । र तिनको गतिविधि यहाँ सुरू भएको छ । र नेपालको अस्मितामाथि, नेपालको राष्ट्रियता, नेपालको स्वतन्त्रतामाथि धावा बोल्दै यहाँ बोलिरहेका छन् र हिँडिरहेका छन् । वागेश्वर बाबा नामका व्यक्ति नेपालमा आएर गतिविधि गरिरहेको स्थिति मैले बताएँ । यिनी धर्मका नाममा सर्वसाधारण सिधा, सोझा जनतालाई भारतमा पनि ठगी गरेको भनी मुद्दा चलेको र तिनै व्यक्ति नेपालमा पनि सेटिङ्गमा नाटकीय ढङ्गले चमत्कारी गतिविधि गर्ने र जनतालाई मूर्ख बनाउने काम गरिरहेका छन् । सम्माननीय अध्यक्ष महोदय, यिनी भारतीय खुफिया संस्था Raw का एजेन्ट हुन भनेर पनि भारतीय पत्रपत्रिका र नेपालका मिडियाहरूमा मैले सुनेको छु । यी ठग व्यक्ति नेपालमा आएर हाकाहाकी नेपाल हामारा भारतका एक अभिन्न एक अङ्ग हैं भन्ने जस्ता नेपालको स्वतन्त्रता विरोधी अभिव्यक्ति दिइरहेका छन् । यिनी अहिले नेपालमा आएर नवलपरासी र चितवनतिर जनता ठग्ने काम गरिरहेका बुझिएको छ । र विभिन्न गतिविधि गरिरहेको कुरा विभिन्न सञ्चार माध्यममा देखिरहेका पनि छौं । उक्त व्यक्तिलाई पशुपतिनाथको मन्दिरमा स्वागत कुन हैसियतमा गरियो? नेपालको, नेपालका हिन्दुहरूको, हिन्दु धर्मावलीहरूको आस्थाको केन्द्र हो पशुपतिनाथ भनेको, यस्ता ठग व्यक्तिलाई त्यहाँ स्वागत गर्ने कुन परिपाटीबाट आयो? म प्रश्न गर्न चाहन्छु । यस विषयमा अर्को गम्भीर प्रश्न त यसरी उब्जिएको छ कि यस्ता जनता ठग्ने नेपालको राष्ट्रियता, सार्वभौमिकता, स्वतन्त्रता र अस्मितामाथि धावा बोल्ने नेपाल विरोधी पण्डालाई, म यिनलाई पण्डा भन्छु, पण्डालाई देश निकाला गर्नुपर्नेमा हाम्रा देशका गृह मन्त्री तथा परराष्ट्र मन्त्रीसमेत लाइन लागेर काठमाडौंको होटलमा भेट्न गएको भन्ने खबर आएको छ । यसको वास्तविकता के हो? यो सरकारले, स्वयम् गृहमन्त्रीले, परराष्ट्र मन्त्रीले र सरकारले यसको जवाफ दिनुपर्छ । यी ठग व्यक्ति भारतमा मुद्दा लागेका व्यक्ति हुन । र उनी नेपालमा आएर विभिन्न खालका हर्कत गरिरहेका छन् । त्यसैले गर्दाखेरि यो सदनमा यसको बारेमा जानकारी हुनुपर्छ भनेर, जानकारी गराउनुपर्छ भनेर म सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, धेरै समस्याहरू छन् अहिले, बाढीपीडितका समस्या छन् । लम्की स्किनबाट पशुचौपाया जोखिममा परेको समस्या छ । र नेपालमा आँखा पाक्ने रोगदेखि

लिएर डेङ्गुको प्रकोप फैलिएको छ । र यी सबै जुन रोगहरू फैलिएका छन् । यसको वास्तवमा भन्ने हो भने नियन्त्रणमा प्रभावकारी काम भा'को छैन । यसतर्फ नेपाल सरकारको म ध्यानाकर्षण गराउन चाहन्छु । र डेङ्गुबाट त नेपालमा ७ हजार ७ सय ३३ जना सङ्क्रमित भएका छन् र ७ जनाको मृत्यु भएको छ । र यो डेङ्गु रोग खासगरी तराइतिर र काठमाडौंमा पनि फैलिएको छ र यसको प्रभावकारी नियन्त्रण हुन सकेको छैन । र जुन लम्की स्किनको बारेमा कुरा गर्दाखेरि यहाँ मैले कृषि मन्त्रीज्यूबाट एउटा Statement सुने उहाँले बोलेको त्यसमा चाहिँ लम्की स्किनबाट चाहिँ मरेका पशुहरूको क्षतिपूर्ति हामी दिन सक्दैनौं । भन्नाले केही न केही राहत त दिनुपर्‍यो नि किनभने ५० हजारभन्दा बढी पशुचौपायाहरू मरिसकेका छन् र ११ लाखभन्दा बढी पशुचौपायाहरू रोगबाट सङ्क्रमित छन् र त्यसमध्ये करिब डेढ लाख पशुचौपायाहरू निकै Serious जोखिमको अवस्थामा छन् । यसले जटिल अवस्था रहेको छ । र यो जटिल अवस्थाबाट किसानलाई कसरी मुक्ति दिने? यसको लागि २/३ ओटा कुराहरू किसानलाई क्षतिपूर्ति र राहत दिनुपर्ने, Insurance लाई, Insurance पनि ठगीधन्दा जस्तो भएको छ । Insurance गर्ने, Insurance गर्ने बेलामा निकै सक्रियतापूर्वक Insurance गर्ने, मान्छेहरूलाई Convince गर्ने र Insurance दिनुपर्ने बेलामा चाहिँ पछि हट्ने, त्यसकारण Insurance को रकम दिलाउन सरकारको तर्फबाट पनि पहल गर्न जरूरी छ । र रोगबाट बच्नको लागि औषधीको व्यवस्था गर्नुपर्ने, खोपको व्यवस्था गर्नुपर्ने आवश्यकता छ । र यसतर्फ सरकारको ध्यान गएको छैन र सरकारको ध्यान जानुपर्छ भन्ने लाग्छ ।

सम्माननीय अध्यक्ष महोदय, यी समस्याहरू छन् । बाढी, पहिरोको समस्याबाट त धेरै आक्रान्त भएका छन् । एकातिर कतिपय खडेरीलाई सुरूमा चाहिँ खडेरी लागेर किसानले बालीनाली लगाउन नपरेको अवस्था, पछाडी फेरि अतिवृष्टि भएर धेरै ठाउँहरूमा चाहिँ बाढी, पहिरोबाट मानिसहरू आक्रान्त बनेका छन् । त्यसकारण बाढी, पहिरोबाट जनतालाई कसरी जोगाउने? कसरी सुरक्षित राख्ने? भन्ने सन्दर्भमा यो सरकारको कुनै योजना हामीले देखेका छैनौं । केही गरे जस्तो गरिरहेको होला तर पनि प्रभावकारी कदम चालिरहेको अवस्था छैन ।

अर्को कुरो, म राख्न चाहन्छु, थुप्रै समस्याहरू छन् यहाँ, यी समस्याहरूमध्ये निर्माण व्यावसायहरू चाहिँ अहिले सडकमा आएर आफ्ना चाहिँ सबै यन्त्रहरू चाहिँ सडकमा ल्याएर प्रदर्शन गरेर निर्माण व्यवसायीहरू हाम्रो पैसा पाएनौं भनेर यहाँ चाहिँ आइरहेको अवस्था छ । त्यसै गरेर अरू धेरै जस्तैः स्वास्थ्य बिमाको रकम सरकारले दिनुपर्ने छ । र अर्को कुरो CTEVT मा ०६७/६८ सालदेखि जनतालाई विभिन्न कार्यक्रमको लागि आह्वान गरियो र जनताले एक लाखका दरले त्यहाँ जम्मा गरे पैसा र त्यो पैसा चाहिँ १८ करोडभन्दा बढी जनताको पैसा

१०/१२ वर्षदेखि CTEVT मा राखिरहेको छ । यसले गर्दाखेरि यो सरकार नै एक खालको ठगी धन्दामा लाग्यो । किन भन्दाखेरि जनताको पैसा राखेर कि त उहाँहरूलाई कार्यक्रम दिनुपर्‍यो विधिवत रूपले आह्वान गरेको, कि त उहाँहरूको पैसा फिर्ता गर्नुपर्‍यो, केही पनि गर्‍या छैन । त्यसकारणले गर्दा यी यस्ता थुप्रै सवालहरू छन्, यी सवालहरूमा यो सरकारले ध्यान दिएको छैन र अविलम्ब ध्यान दिनुपर्छ भनेर आग्रह गर्न चाहन्छु । हवस्त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय प्रकाश पन्थ । समय १० मिनेट ।

**(१५:३८ बजे) माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, झन्डै एक महिनादेखि संसद दुवै सदन अवरुद्ध छ । असहमति व्यक्त गर्न सरकार र राष्ट्रको ध्यान आकर्षण गर्नलाई चैं सदनमा आलोचनात्मक असहमतिहरू राख्ने, आलोचनात्मक रूपले प्रस्तुत हुने कुराहरू, यो स्वाभाविक हो । तर लामो समयसम्म संसद नै अवरुद्ध हुने कुरा चैं त्यति स्वाभाविक होइन । तर लामो समयदेखि यस्तो भइरहेको छ । र यो ठिक भइरहेको छैन । र यो एकदम गैरजिम्मेवारीपन हो भन्ने लागिरहेको छ । लामो समयदेखि संसद अवरुद्ध हुने कार्यलाई हामीले ठिक पनि मान्न सकिरहेका छैनौं ।

संसदीय इतिहासमा तोडफोड, चक्का जामदेखि सके संसद भङ्ग गर्ने, नसके अवरुद्ध पार्नमा अहिले प्रमुख प्रतिपक्ष निकै माहिर देखिएको छ । कलिलो लोकतन्त्रलाई जगेर्ना गर्दै गणतन्त्र र संघीयताको अभ्यासको यो दैरानमा संविधान कार्यान्वयनकै यो चरणमा चैं यस्ता क्रियाकलापहरूले मुलुकलाई सही ठाउँमा पुर्‍याउँदैन भन्ने, सही ठाउँमा यसले पुर्‍याउनै सक्दैन । लोकतन्त्रको अभ्यास गर्ने जनप्रतिनिधिहरूको उच्च थलो संघीय संसदमै यसलाई नै निष्क्रिय बनाउने कुराहरू यस्तो अवस्थाले चैं संसदीय पद्धतिप्रति नै जनतामा एउटा वितृष्णाहरू उत्पन्न भइरहेको छ । व्यवस्थाप्रति नै अलिकति यो खराब हो कि भन्ने भाष्यहरू पनि निर्माण हुँदै गइरहेको छ । म सत्तारुढ दलहरूसँगै प्रतिपक्षलगायत सबै दलहरूलाई संवादकै वातावरण बनाउन पर्छ भन्ने कुरामा अपिल गर्न चाहन्छु । संसद सुचारु गर्नेतर्फ सबैले पहलकदमी गर्न आवश्यक छ । संसदको प्रमुख प्रतिपक्ष दल जिम्मेवारपूर्वक सदनमा उभिनुपर्छ । अवरोधलाई समाप्त गरी सबै विषयहरूलाई चैं संसदमै छलफल गर्ने वातावरण पनि सुनिश्चितता गर्नको लागि पनि मैले अपिल गर्न चाहन्छु । र यो जनता र समग्र देशवासीको अपिल पनि हो । जनजीविकासँग जोडिएका नागरिकका प्रत्यक्ष सरोकार भएका थुप्रै विषयमा संसदमा आवाज उठ्नुपर्ने थियो सदनमा, छलफल हुनुपर्ने, छलफल हुने वातावरण हुन आवश्यक थियो तर सरकारलाई जवाफदेही

बनाउनुको सट्टा हामी नै संसदप्रति जवाफदेही भएनौं, जनताप्रति जवाफदेही भएनौं, जनताप्रति हामी उत्तरदायी संसद भएन भन्ने कुराहरू उठिरहेकै छ ।

अध्यक्ष महोदय, लोकतान्त्रिक व्यवस्थामा सुशासनको प्रत्याभूति आधारभूत सर्त हो । कुनै पनि दोषी नउम्किउन्, कोही निर्दोष नफसुन् भन्ने नीतिअनुरूप नै कुनै पनि घटनाको कानुनबमोजिम स्वतन्त्र, निष्पक्ष र पूर्वाग्रहरहित छानबिन र अनुसन्धान हुनुपर्छ । यसमा कुनै दुई मत छैन । सबै प्रकारका भ्रष्टाचार अनियमितता र बेथितिहरूलाई नियन्त्रण गरी मुलुकलाई सुशासनको सुनिश्चितता गर्नेतर्फ पनि सरकारले खुट्टा कमाउनुहुँदैन, सम्झौता गर्नुहुँदैन र तस्करलाई माफीहरूको चङ्गुलमा पनि सरकार फस्नुहुँदैन । समस्याको जड अहिले आएर नेतृत्वको स्वभावमा अड्किएको छ । आचरण र व्यवहारमा पनि यी सबै कुरा समस्याको जड त्यहाँ देखिएको छ, नेतृत्वमै यी कुराहरू देखिएको छ । यो ठिक भइरहेको छैन । यो मानसिकता र यो प्रवृत्तिबाट राजनीतिलाई माथि उठाउन पर्ने अहिलेका आवश्यकताहरू देखिइसकेको छ । हरेक घटना र काण्डैपिच्छे संसदीय समितिहरू बनाउने वा नयाँ संरचनाको आवश्यकता देखिएको छैन । यो आवश्यक छैन । अहिले भइरहेका संवैधानिक र अरू निकायहरूलाई नै सक्षम र जिम्मेवार बनाउनेतर्फ हामीले सोच्नुपर्ने छ । समितिका कुरा गर्ने हो भने अहिले पनि संसदमा १६ वटा, १६ वटा, १६ वटा समितिहरू छन् । तिनीहरूलाई हामीले बिर्सिनुभएन र तिनीहरूलाई कमजोर बनाउन भएनन । तिनीहरूले संवैधानिक भूमिका निर्वाह गर्न सक्छ । तिनीहरूलाई हामीले जिम्मेवार बनाउनेतर्फ हामीले सोच्नुपर्ने छ । संसदका डेढ दर्जन समितिहरूले नसमेटेएको क्षेत्रै छैन, नछोएको विषय पनि छैन । तसर्थ पनि हामीले यसलाई विश्वसनीय बनाउने र क्षमता बढाउनेतर्फ पनि हामीले सोच्न आवश्यक छ । उच्चस्तरीय समितिको कुरा गर्ने अनि यो गठन पनि गर्ने तर त्यो समितिले पछि माखो मुसो केही मार्न सकेन भने त्यसको दोष कसले लिन्छ? सरकारले लिने कि प्रमुख प्रतिपक्षले लिने? र अनुसन्धान भयो, त्यसबाट कुनै पनि दोषी पत्ता लागेन, सुन चैं पत्ता लाग्ने तर चोर चैं पत्ता नलाग्ने भयो भने, त्यसको दोष चैं सरकारले लिने हो कि प्रमुख प्रतिपक्षले लिने हो? संसदीय समितिको माग गर्दै गर्दाखेरि, त्यो उच्चस्तरीय समितिको माग गर्दै गर्दाखेरि त्यो समितिले काम गर्न सकेन भने त्यसको दोष त प्रमुख प्रतिपक्षले लिनुपर्ने पनि हुन सक्छ ।

अध्यक्ष महोदय, सदन अवरुद्ध भएका कारण एकातर्फ जनताका सरोकारका विषयहरू पछाडि परेका छन्, सदनमा ती विषयहरू उठ्न, छलफल हुन सकेका छैनन् भने अर्कोतर्फ संसदमा विचाराधीन थुप्रै विधेयकहरू पनि अहिले कानुन बन्न सकिरहेको अवस्था छैन । संसदमा धेरै विधेयकहरू विचाराधीन छन् । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक छ, सम्पत्ति

शुद्धीकरणसम्बन्धी छ, भ्रष्टाचार नियन्त्रण गर्नेलगायत थुप्रै विधेयकहरूलाई चाँडै पारित गरियोस्, संसद अवरुद्ध खुल्ला गरियोस्, सरकालाई त्यसतर्फ पनि मैले विशेष ध्यानाकर्षण गर्न चाहन्छु । संसदमा अवरुद्ध भएका कारण, संसद अवरुद्ध भएका कारण चैं नागरिकहरूको दैनिक जीविकासँग सम्बन्धित थुप्रै विषयहरूमा प्रभाव परिरहेको छ । यथेष्ट मात्रमा प्रत्यक्ष रूपमा सरकारको विषयहरूमा चैं संसदको सरकारको ध्यानाकर्षण भएको छैन । त्यसमा अविरल वर्षा छ, बाढी पहिरो डुबानको समस्याहरू छ । बाढी पहिरो डुबानले मानवीय र भौतिक क्षतिहरू भएको छ । Lumpy skin का प्रकोपबाट हजारौं पशुपन्छी मरेका छन्, लाखौं चौपायहरू सङ्क्रमित भएका छन्, पशु धनको क्षति भइरहेको छ, किसानलाई ठुलो नोक्सानी भइरहेको छ । डेङ्गु र आँखा पाक्ने रोगले सङ्क्रमण देशभरि फैलिएको छ । उपभोग्य सामग्रीको मूल्य परिरहेको छ, मूल्य वृद्धि र कालाबजारीको कारण जीवन कष्टकर बनिरहेको छ । बढ्दो महङ्गी र कालाबजारीका कारण जनता दैनिक आवश्यकता वस्तुहरू पनि सरल र सुलभ हुन सकिरहेको छैन । नागरिकले प्राप्त गर्ने सेवा छिटो छरितो र प्रभावकारी हुन सकेको छैन । अझै पनि कानुनी र संरचनागत व्यवधान र जटिलताहरू कायमै देखिन्छ । पछिल्लो समय मुलुकमा विभिन्न भागमा जातीय विभेददेखि लिएर, हिंसादेखि लिएर, छुवाछुतलगायतको घटनाहरू बढिरेहेको छ । विभिन्न स्थानमा सडक दुर्घटनाहरू भइरहेको छ, जसका कारण कयौंका ज्यानहरू गइरहेको स्थिति पनि छ । सरकारले बढ्दो दुर्घटनाका कारण पत्ता लाउन सकिरहेको छैन र यसलाई नियन्त्रण गर्ने, कम गर्नेतर्फ पनि सरकारले सोचिरहेको पनि छैन । अध्यक्ष महोदय, तमाम बेथितिका घटना र काण्डहरूतर्फ सरकारको गम्भीर ध्यानाकर्षण म यहीँमार्फत गराउन चाहन्छु । जनतालाई राहत हुने गरी, सरकार भएको अनुभूति हुने गरी कडा केही कदमहरू चालियोस् । म सरकारको विशेष गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु ।

अध्यक्ष महोदय, नेपालको संसदीय इतिहास १५ सालदेखि प्रारम्भ भएको हो । संसदीय अभ्यासमा १५ सालदेखि यहाँसम्म आइपुग्दा थुप्रै विसङ्गति, विकृति र भ्रष्टाचारविरुद्धका कहावतहरू संसदमा उठिरहेका छन् । सुशासनका पक्षमा थुप्रै आवाजहरू उठिरहेका छन् । ४६ साल पछाडिको मात्रै हामीले हेर्यौं भने पनि थुप्रै उठे । ६४ पछाडि हामीले गणतन्त्र स्थापना भएपछि पनि हेर्यौं भने पनि थुप्रै उठ्या छ । र हामीले संविधान निर्माण हेर्यौं भने पनि थुप्रै उठ्या छ । हामीले संविधान निर्माणपछाडिको दुई Term को संसदमा ७४ पछाडि र ७९ पछाडि पनि हेर्यौं भने पनि थुप्रै कुराहरू, थुप्रै माननीयज्यूहरूले थुप्रै विषयमा सुशासनका पक्षमा र भ्रष्टाचारका विरुद्धमा चैं आवाजहरू उठेका छन् । तर ती सबै आवाजहरू अब उठिरहने मात्रै हो कि त्यो विषयमा छलफल हुन्छ, अनुसन्धान हुन्छ? त्यस विषयको चैं निरुपण हुन्छ कि हुन्न?

भन्ने कुरा अहिले प्रश्न उठ्या छ । विस्तारै विस्तारै ती रेकर्डहरू हराउँदै जाने स्थितिहरू पनि छ । त्यही भएर यी सबै आवाजहरू संसदको रेकर्ड छ कि छैनन्? एउटा प्रश्न पनि म गर्न चाहन्छु । अहिले प्रश्न उठेको छ कि संसदमा उठेका, रेकर्ड भएका सयौं काण्डहरूमध्ये कति काण्डहरूको छानबिन भयो त? कति काण्डहरू उठे? कति भ्रष्टाचारका विषयहरू उठे? कति बेथितिका विषयहरू उठे? ती कतिको छानबिन भयो? कति अनुसन्धान भयो र कति हुन बाँकी छ? त्यसको हिसाब किताब चैं कसले हो बुझाउने? यसको जवाफ दिने चैं कसले हो? सरकारले दिने हो अथवा काम, कर्तव्य र अधिकार हातमा लिएर बसेका संवैधानिक निकायहरूले दिने हो? कसले दिने हो? भन्ने कुरा चैं अहिले जनजनको प्रश्न छ । आवाज उठिरहने र त्यो बोलिरहने तर ती कुराहरू चैं हराउँदै जाने र त्यसप्रति कोही पनि जिम्मवार नहुने विषय चैं अहिलेको पछिल्लोपटक यो विषयले अब यो संविधान व्यवस्था ठिक छैन कि भन्नेतर्फ पनि यसले एउटा भाष्य निमार्ण हुँदै गइरहेको स्थितिहरू छ ।

अध्यक्ष महोदय, संसदमा उठेका तमाम यस्ता बेथिति र भ्रष्टाचारजन्य काण्डहरूको अध्ययन र अनुसन्धान हुनुपर्‍यो, प्रतिवेदन चाहियो । नेपाल सरकार सम्बन्धित निकायमा यसमा म गम्भीर ध्यानाकर्षण गराउँछु । संसदमा कति आवाज रेकर्ड भए? तिनीहरू ठिक हुन् कि बेठिक हुन्? ती सत्य हुन् कि बेठिक हुन्? तिनीहरूको चैं अनुसन्धान भइरा' छ कि भइरा' छैन? ती कहाँ पुगेर टुङ्ग्या छन्? ती फाइल कहाँ बस्या छन्? ती कुराहरूलाई अब अनुसन्धान हुन आवश्यक छ । सार्वभौम संसदमा उठेका यस्ता विषयहरू, सुशासन र भ्रष्टाचारसँग सम्बन्धित विषयहरू, यी सवालहरू ठिक हो कि होइन? भन्ने कुराको निक्यौंल हुनुपर्‍यो । सत्य हो कि होइन? त्यसको निरुपण हुन पनि आवश्यक छ । यसको निरुपण हुनुपर्छ । अहिले भइरहेका संवैधानिक र विभिन्न निकायबाटै यसको अनुसन्धान र छानबिन हुन आवश्यक पर्‍यो । यो कहिले सुरु गर्ने? कोबाट सुरु गर्ने? सरकार, राज्यका निकायहरू, संवैधानिक निकायहरू पनि चुपचाप बसिरहेको देखिन्छ । जवाफदेही हुनुपर्दैन? उत्तदायी हुनुपर्छ कि पर्दैन? सुशासन र भ्रष्टाचारका सवालहरू चाहे सदनबाट उठोस्, चाहे सडकबाट उठोस्, त्यसको सत्य निरुपण हुनुपर्छ । गम्भीर रूपमा उठेका गम्भीर प्रवृत्तिका विषयहरू किन डिसमिस भइरहेका छन्? त्यस्ता रेकर्डहरू हटाउन, मेटाउन पनि त दुष्प्रयास भइरहेका होलान् । कि संसद नै ठिक छैन भन्नुपर्‍यो, सार्वभौम होइन भन्नुपर्‍यो कि उठेका सवालहरूको सरकारसम्बन्धीकाले समयमै सम्बोधन गर्नुपर्‍यो । जनतालाई कहिलेसम्म भ्रममा राख्ने हो? कहिलेसम्म यो राजनीतिक स्टन्टबाजी गरेर बस्ने हो? यसको चैं अन्त्य हुन आवश्यक छ ।

अध्यक्ष महोदय, राजनीतिमा खराब मान्छे मात्र छन् भन्ने र खराब मात्र हुन्छ भन्ने भाष्य निर्माण भइरहेको छ । संविधान र व्यवस्थामाथि प्रहार भइरहेको छ । यहाँ सबै खराब छन् भाष्य निर्माण, खराब छन् भन्ने भाष्य निर्माण भइरहेको छ । राजनीतिलाई सफा, आकर्षक र जिम्मेवार बनाउन पनि अबको चैं जरुरी हो, यो अबको आवश्यकता हो । खराबको भिडमा असल मान्छे पनि त चिन्न सकिएन । त्यसैले पनि काण्डहरूको अनुसन्धान र छानबिन गर्न चैं आवश्यक छ । २०४६ सालभन्दा पहिलादेखि अहिलेसम्म सबै उच्चपदस्थ व्यक्ति, कर्मचारी, पदाधिकारी, जनप्रतिनिधि सांसद, मन्त्री, प्रधानमन्त्री, सबै खराब हुन् कि असल हुन्? छानबिन गर्नुपर्‍यो, अनुसन्धान गर्नुपर्‍यो । यो ठिक हो वा बेठिक हो? छुट्याइदिनुपर्‍यो । कोही बेठिक छ, त्यसलाई हामीले छुट्याउन मुस्किल छ, त्यसको अनुसन्धान हुन आवश्यक छ । अलि अलि बचेका सज्जन पनि यही हालत हो भने सबै दुर्जनमा गनिन्छन् र त्यही देखिन्छन् । संविधान र व्यवस्था ठिक छैन भन्ने भाष्यको अन्त्य गर्नको लागि पनि यी सब कामहरू गर्न आवश्यक छ । असल चिजलाई बचाउनुपर्‍यो र खराब चिजलाई सच्याउनुपर्‍यो । छिटपिट रूपमा चैं अहिले पछिल्लोपटक ४६ पछिका सबै व्यक्तिको सम्पत्ति छानबिन गर्ने भन्छन् तर त्यसअगाडि सबै ठिक थिए त? ती पनि छानबिन गर्नुपर्‍यो नि । ती ठिक नभएर व्यवस्था परिवर्तन गर्या छ, फेरि त्यसपछाडिको मात्रै गर्ने भन्ने आवाज उठ्या छ । त्यही भएर अहिलेसम्मका सबैको चैं गर्न आवश्यक छ । यो मेरो एउटा विशेष आग्रह पनि हो, अनुरोध पनि हो र माग पनि हो । र म अहिले सरकारसित यो विषयमा जोडदार ४६ सालअगाडि, पछाडि सबैको छानबिन होस् भन्ने कुराहरू मैले जोडदार रूपमा माग राख्न चाहन्छु ।

अन्त्यमा, अध्यक्ष महोदय, राज्यका जिम्मेवार निकायहरू संवेदनशील हुन सकिरहेका छैनन् । पदाधिकारीहरू, अधिकारीहरू अलमलमै छन्, अहिले पनि, कुन काण्ड कुन सेटिङलाई मिल्ने हो थाहा छैन । छानबिन र अनुसन्धानविना सत्य निरुपणमा सबै काण्डहरू डिसमिस हुनेवाला छ, त्यो देखिरहेको छ । भ्रष्टाचार कसरी हुन्छ भन्ने कुरा जनतालाई थाहा भइसक्या छ । हरेक काण्डहरू कसरी डिसमिस हुन्छ भन्ने पनि जनताले बुझिसक्या छन् । त्यही भएर यसलाई डिसमिस गर्नेतर्फ कसैले प्रयास नगरोस् । र मुलुकलाई बचाउने हो भने, प्राप्त उपलब्धिलाई बचाउने हो भने भ्रष्टाचारविरुद्ध निर्मम हुन आवश्यक छ । एकजुट हुन आवश्यक छ । मोर्चा र गठबन्धन यसैका लागि आवश्यक छ । राष्ट्रिय सभामा भ्रष्टाचारविरुद्धको आवाजहरू यसैका लागि आवश्यक छ । भ्रष्टाचारीहरूलाई बचाउने चक्रव्यूहमा राजनीति फस्नुभएन, फस्नुहुँदैन । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय मदन कुमारी शाह (गरिमा) । समय १० मिनेट ।

(१५:४८ बजे) **माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, बर्षाको मौसम छ, मुलुकको विभिन्न भागमा बाढी, पहिरो जाँदा जनधनको क्षति भएको छ । मुलुकभित्र तथा भारत उत्तराखण्डको रूद्रप्रयाग गौरी कुण्डमा गएको पहिरोमा परी कयौं नेपालीहरूको दु:खद निधन भएको छ । बाढी, पहिरोमा परी अमूल्य जीवन गुमाउने सबैमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, श्रावण २२ गते रातिबाट सुदूरपश्चिमको lifeline को रूपमा रहेको भीमदत्त राजमार्गको बुढीतोलामा सडक नराम्रो गरी भासिएको छ । यातायात अवरूद्ध भएको छ, जसका कारण सुदूरपश्चिमको जनजीवन कष्टकर बनेको छ । भौतिक पूर्वाधार मन्त्री, माननीय प्रकाश ज्वालाले उक्त सडक खण्डको अनुगमन गरी छिटो पुन:निर्माण गर्न निर्देशन दिनुभएको छ, यस तदारूकताका लागि म माननीयज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । तथापि उक्त सडक निर्माण कार्य छिटो र दिगो हुने गरी सम्पन्न गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गरा चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, भीमदत्त राजमार्गको वैकल्पिक मार्गको रूपमा रहेको दैजी, जोगबुढा, बुँडर सडक निर्माण अतिआवश्यक छ, त्यसका लागि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । सम्माननीय अध्यक्षज्यू, हामी सबैलाई थाहा छ, कैलाली जिल्ला नदीनालाहरूको जिल्ला हो ।यी नदीनालाहरूको उचित व्यवस्थापन हुन नसक्दा वर्षामा यिनै नदीनाला कैलालीको दु:ख बन्ने गरेका छन् । यस वर्ष कैलालीका विभिन्न स्थानमा विशेष गरी भजनी नगरपालिकामा बाढीले गर्दा सयौं घर परिवार टेन्टमा बस्न बाध्य भएका छन् । सरूवा रोगको जोखिम त्यतिकै छ । त्यसैगरी बाजुरा जिल्लाको बुढीगंगा, छेडे दह, त्रिवेणीलगायतका स्थानहरूको अवस्था पनि फरक छैन ।

खप्तड, छेडे दह गाउँपालिका वडा नम्बर ४ को गुइबन वडा नम्बर ७ को गुम्लागाउँ र बुढीगंगा नगरपालिकाको बजेडीको सिङ्गो बस्ती पहिरोको उच्च जोखिममा छ । वर्षेनी जाने पहिरोले खेत मात्र बगाएको छैन, बास नै उठाउँदै आएको छ । त्यहाँका जनताले २ दशकदेखि बस्ती स्थानान्तरणको माग गरिरहेका छन् तर अझैसम्म कतै सुनुवाइ भएको छैन । सुदूरपश्चिमको दु:ख अब काठमाडौंलाई दुख्नुपर्छ र दुखोस् भन्न चाहन्छु । राज्यले ठोस नीति लिएर गुइबनलगायतका उच्च जोखिममा रहेका बस्तीहरूलाई स्थानान्तरण गर्न, पहिरो तथा बाढी नियन्त्रणका प्रभावकारी उपाय अवलम्बन गर्न सरकारसँग जोडदार माग गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, एकातिर बढ्दो आर्थिक मन्दीका कारण जनजीवन कष्टकर बन्दै गएको छ भने अर्कोतिर पशु चौपायामा लम्पि स्किन नामक रोग महामारीको रूपमा फैलियो । सम्बन्धित निकायको अथक प्रयासपछि पशुहरूमा फैलिएको सङ्क्रमण घट्दो छ । कति नोक्सान भयो भन्ने सन्दर्भमा फरक फरक तथ्याङ्क बाहिर आइरहेका छन् । एक तथ्याङ्कअनुसार करिब ११ लाख चौपाया सङ्क्रमित भएका छन् भने करिब ५० हजारको मृत्यु भएको भन्ने छ । वास्तविक तथ्याङ्क के कति हो? आधिकारिक निकायले सङ्कलन गरेर संसदलाई जानकारी गराओस् भन्ने अनुरोध गर्न चाहन्छु, साथै नोक्सानको आधारमा किसानलाई राहत प्याकेज घोषणा गरियोस् भनी सरकारसँग जोडदार माग गर्दछु ।

अध्यक्ष महोदय, भविष्यमा हुन सक्ने सम्भावित नोक्सानीबाट जोगिन र जोगाउन गाईवस्तुको अनिवार्य बीमा गर्नुपर्ने नियम बनाउन सरकारद्वारा प्रतिबद्धता तथा आश्वासन दिएको एक पालिका एक भेटनरी डक्टर र एक गाउँ एक प्राविधिक कार्यक्रम कार्यान्वयन गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । सम्माननीय अध्यक्षज्यू, नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र सुदुरपश्चिम विश्वविद्यालयको कृषि सङ्कायले एक महिनाको खोज अनुसन्धान र अन्वेषणपछि केरामा नयाँ र कडा रोग फेला पारेको तथ्य हिजो भाद्र ४ गते मात्र सार्वजनिक गरेको छ । कैलालीका एक किसानको केरा खेतीमा शङ्कास्पद लक्षण देखिएपछि साउन १० गते नमुना काठमाडौं ल्याइएको थियो । Real Time PCR परीक्षण गर्दा केरामा लाग्ने पुरानो रोग पानामाको नयाँ प्रजातिको लक्षण देखिएपछि थप परीक्षणका लागि नमुना सिङ्गापुर पठाइएको थियो । सिङ्गापुरबाट भदौ १ मा आएको प्रयोगशाला रिपोर्टअनुसार पानामा TR4 नामक रोग लागेको पुष्टि भएको छ ।

सम्माननीय अध्यक्षज्यू, हामी सबैलाई थाहा छ, नेपालमा ८० प्रतिशत G9 जातको व्यावसायिक केरा खेती गरिन्छ । पानामा TR4 नामक रोगले G9 प्रजातिको केरालाई समूल विनाश गर्न सक्ने कृषि वैज्ञानिकहरू बताउँछन् । रोग लागेमा केराको बोट फेदैदेखि पात पहेंलो हुने र अन्तमा रूखै ढल्ने गर्दछ । पानामा TR4 रोग नेपालमा १५ वर्ष अघि भित्रिएको थियो । र यस रोगका कारण रैथाने केराहरू विशेष माल्बो केरा नासिएको इतिहास छ । राष्ट्रिय फलफूल विकास केन्द्रको २०७६ सालमा गरेको अध्ययनअनुसार नेपालमा १६ हजार ६ सय १५ हेक्टर क्षेत्रफलमा व्यावसायिक केरा खेती गरिन्छ । समयमै यो रोग नियन्त्रण गर्न सकिएन भने नेपालमा व्यावसायिक केरा खेती मासिने जोखिम उच्च छ । यस जोखिमबाट जोगिन, रोग देखेको ठाउँ सिल गरेर निर्मलीकरण गर्न, त्यहाँबाट केराका बोटहरू ओसारपसारमा रोक लगाउन तथा मान्छेको गतिविधिसमेत रोक्नुपर्ने कृषि वैज्ञानिकहरूको सुझाव छ । तसर्थ

लम्पी स्किन रोग जस्तै फैलिन नदिन समयमै वैज्ञानिकहरूले दिएका उपायहरू अपनाउन सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, सुन काण्डमा दोषी जो कोही भए पनि सजाय पाउनुपर्छ । त्यसका लागि CBI लाई छानबिन गर्न दिने कुरा ठिक छ । राज्यका संयन्त्र र संरचनालाई विश्वसनीय, जिम्मेवार र बलियो बनाउनु हामी सबैको दायित्व हो, किनकि ती संस्थाहरू हामीले नै निर्माण गरेका हौं । आफैंले निर्माण गरेका संस्थाहरूलाई अविश्वास गर्न पुग्यौं, कमजोर बनाउन पुग्यौं भने के सधैं आयोगहरूले त्यस्ता समस्याहरू निरूपण गर्न सक्छ? तसर्थ म के  अनुरोध गर्न चाहन्छु भने हामी आफैंले बनाएका संस्थाहरूमाथि विश्वास गर्न सिकौं, विश्वास गरौं, बलियो बनाऔं, तब मात्र संरचनाहरू बलियो भयो मात्र, यो मुलुक बलियो हुन सक्छ । मुलुक बलियो भएपछि हामी सबै बलिया हुन सक्छौं भन्ने कुरा म यहाँ राख्न चाहन्छु ।

तसर्थ, यो अहिले उच्चस्तरीय छानबिन आयोग बनाउने जुन माग जोडदार ढङ्गले उठिरहेको छ । सुनिँदैछ, त्यो अब भोलीसम्ममा त्यसको समाधान त हुन्छ । तथापि यो इतिहासलाई हामीले फेरी फेरी पुनरावृत्ति गर्ने कि नगर्ने? यस्ता हरेक समस्याहरू आउँदा, हरेक अपराधहरूको अनुसन्धान गर्नुपर्दा हामीले  आयोगबाट नै त्यसको निराकरण खोज्ने हो भने हाम्रा यी हजारौं, लाखौं चाहिँ व्यय गरेर, खडा गरिएका, दायित्व लिएर बनाइएका संस्थाहरूको कुनै पनि काम रहने छैन भन्ने कुरा म राख्न चाहन्छु । त्यसो भएको कारणले गर्दा यदि राज्यलाई बलियो बनाउने हो, सरकारलाई बलियो बनाउने हो, अपराधहरूलाई निरूत्साहित गर्ने हो, एउटा सिस्टम बसाल्ने हो मुलुकमा भने हामीले हामीद्वारा खडा गरिएका संविधानले बनाएका संरचनाहरूलाई, संयन्त्रहरूलाई परिचालित गर्नुपर्छ । र ती संयन्त्रहरूलाई विश्वास र बलियो बनाउनुपर्छ भन्ने कुरा राख्दै म आफ्ना भनाइहरूलाई यहीं विश्राम दिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डाक्टर विमला राई पौडयाल । समय ५ मिनेट ।

**(१५:५७ बजे) <u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, गाइजात्राको अवसर पारेर राजनीतिक र सामाजिक सवालहरूमा व्यङ्गात्मक टिप्पणी गर्ने परम्परा धेरै अगाडिदेखिकै हो । पहिले वाक् स्वतन्त्रता नभएको बेलामा गाइजात्राको अवसर छोपिन्थ्यो, यस्ता टिप्पणी गर्नको लागि । अहिले हामीसँग पूर्ण वाक् स्वतन्त्रता छ, राजनीतिक व्यङ्गवाण गर्नका लागि गाइजात्रा पर्खिनुपर्ने आवश्यकता छैन । तर अहिले हेर्दाखेरि बजारमा एउटा कामना भन्ने चलचित्र तथा कलासम्बन्धी मासिक पत्रिका आएको छ । यसले गाइजात्राको उपयोग चाहिँ

महिलाको प्रजनन क्षमतामा प्रहार गर्ने अवसरको रूपमा लिएको छ । यसमा अहिलेका प्रधानमन्त्री र पूर्व दुईजना प्रधानमन्त्रीहरूलाई महिलाको भेषमा देखाएर, उनीहरूको पेटलाई प्रधानमन्त्री जन्माउने पाठेघरको रूपमा प्रस्तुत गरिएको छ । यो एकदमै दुखदायी र साह्रै घृणात्मक कदम मान्छौं हामीले । किन भन्नुहुन्छ भने महिलाको प्रजनन क्षमता नै प्रयोग गरेर त्यो Cartoonist महोदय र प्रकाशक महोदयहरू यो संसारमा आउनुभएको हो । अनि त्यही मजाक, त्यही कुरालाई जुन प्रक्रिया प्रयोग गरेर उहाँहरू यो संसारमा हुनुहुन्छ, त्यसैलाई मजाकको रूपमा प्रस्तुत गर्नुभएको छ उहाँहरूले, जुन असाध्यै घृणात्मक कार्य छ । त्यो भएर अब यो आमाको प्रजनन क्षमतालाई व्यङ्गवाणको रूपमा प्रस्तुत गर्ने, राजनीतिक निर्णयकर्ता सबै पुरूष तर उनीहरूलाई व्यङ्ग गर्ने माध्यम महिला बनाउने यो कार्यको निन्दा गर्दछु । र अहिलेको हाम्रो सञ्चार मन्त्री, माननीय मन्त्री रेखा शर्माज्यूको ध्यानाकर्षण गराउन चाहन्छु, कामना प्रकाशनलाई कारबाही गरियोस् । छापिएको पत्रिकालाई बिक्री वितरण हुनबाट रोकियोस् र यसको Digital Copy लाई पनि Internet को Space बाट तुरून्तै हटाइयोस्, यो हाम्रो माग हो र यो माग मैले ५१ प्रतिशत जनसङ्ख्याको तर्फबाट आज यहाँ राखेको छु, यसमा मैले ध्यानाकर्षण गराउन चाहें ।

मेरो दोस्रो सवाल छ, जनकपुर धनुषामा २५ वर्षिय विवाहित महिला आरती शाहको शङ्कास्पद र रहस्यमय तरिकाले मृत्यु भयो, उनका परिवारले यो मृत्युलाई दाइजो प्रथासँग जोडिरहेका छन् । CIB ले छानबिन गर्‍यो र छानबिन गर्दाखेरि आरती शाहका परिवार, विशेष गरी आमा, बाबा र बहिनीको भनाइ छ, उहाँहरूलाई सोधपुछसम्म गरिएन । CIB को यो अनुसन्धान त्रुटिपूर्ण छ भनेर परिवारले भनिरहेको छ तर यो अनुसन्धान प्रतिवेदन आइसकेको छ, उहाँहरूले निष्पक्ष छानबिन होस्, यो अनुसन्धान प्रतिवेदन हामीलाई मान्य छैन, निष्पक्ष छानबिन होस् भनेर यहीं माइती घरमा बस्नुभएको आज ६२/६३ दिन, दुई महिनाभन्दा बढी भइसकेको छ । तर राज्यको ध्यान त्यतातिर पुगेको छैन ।

हाम्रो गृहमन्त्रीज्यू क्वाटरबाट सिंहदरबार आउँदा प्रत्येक दिन उहाँहरूलाई त्यहाँ देख्नुहुन्छ तर उहाँले देखेको नदेख्यै गर्नुभएको छ । उहाँहरूलाई बयानको लागि जनकपुरमा प्रशासन कार्यालयमा बोलाइयो र त्यहाँ पनि उहाँहरूमाथि दुर्व्यवहार भएको छ । आरती शाहको परिवारको दुई महिनादेखि घाम, पानी, हावाहुन्डरी सबै झेल्दै आउँदाखेरि स्वास्थ्यको अवस्था निकै नाजुक छ र उहाँहरूले भनिरहनुभएको छ, गृहमन्त्रालयले निष्पक्ष छानबिनको वातावरण बनाओस्, हामीलाई न्याय दिन्छौं भनेर सुनिश्चित गरोस्, हामी धर्ना छोड्छौं तर हाम्रो गृहमन्त्रीज्यूको कानमा त्यो कुरा पुगेकै छैन । हाम्रो यो सदन नै अवरूद्ध भएर गृहमन्त्रीले त्यहाँ

नदेखु भा'को हो कि? अनि छिमेकबाट चाहिँ धार्मिक गुरू आउँदाखेरि होटलमा गएर भेट्नको लागि हाम्रा सरकारका प्रतिनिधिहरूलाई, मन्त्रीहरूलाई फुर्सद हुन्छ । तर मधेशको एउटा गाउँबाट छोरी मरेको छ, छोरीको हत्या भएको छ, निष्पक्ष छानबिन गरिपाऊँ भनेर न्याय माग्न बसेको एउटा परिवार, दुई महिनादेखि बसेको परिवारलाई हेर्ने हाम्रो गृह मन्त्रालयलाई फुर्सद छैन । त्यो भएर म गृहमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु । आरती शाहका परिवारलाई भेटियोस् र उनीहरूको कुरा सुनेर निष्पक्ष छानबिनको व्यवस्था र निष्पक्ष छानबिनको वातावारण तुरून्तै तयार गरियोस् भनेर म माग गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय शेखर कुमार सिंह । समय ५ मिनेट ।

**(१६:०२ बजे) <u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, पहिला खडेरीमै सबै बिउ विजन गयो, More than ३० देखि ३५ Percent बच्या बिउ पनि त्यसपछिको अतिवृष्टिले लिएर गा'छ, किसानको यो समस्यामा हामी किसान जोलिराख्या छौं । सम्माननीयज्यू, हामी कोशीको किनारमा बस्या मान्छे हुँ, कोशी व्यारेजमा ३६ वर्षपछाडि यस वर्षको बाढी रेकर्ड कायम भा' थियो, जसमा हामी पनि ८/१० दिनसम्म ती भेगमा आफ्नो बितायौं किन भने त्यो पछाडी डेढ किलोमिटरमा मात्रै हाम्रो पूर्ख्यौली गाउँ पर्छ । अगाडि त जति कटेर बग्यो, बग्यो । बाँधमाथि पनि बचोस् भनेर हामी लागिराख्या छु । तर त्यसमा ठोस किसिमको नेपाल सरकारबाट मैले बहस चाहिँ भा' छैन ।

किसानको आफैंमा समस्या छ । यो पशु रोगले क्षति भएका जति त क्षति भई नै सक्यो, त्यसमा पनि किसानले आवश्यक पर्ने क्षतिपूर्ति दिन चाहिँ सरकार चाहिँ गम्भीरता रूपमा देखुपर्‍या छैन । हामी पनि त्यहाँ कतै फेला पारेनौं, किसानको समस्या .....। अविलम्ब म कृषि मन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छु, यो किसानको समस्याले राहतको रूपमा केही न केही बोल्दिनुपर्छ ।

सँगै सम्माननीयज्यू, हामी प्रत्येक सदनमा दुई पल्टदेखि सुन्दै आ'छु, आज यो निजामती ऐन बनेर आइसक्यो, यो अन्तिम चरणमा छ, प्रवेश गरिसक्यो । तर म एउटा कुरा सरकारसँग सोध्न चाहन्छु । जुन दिन ऐन आउँछ, अहिलेसम्म जो उहाँहरू अवकाश प्राप्त गरेर गइराख्नुभा'छ उहाँको लाई के होला त ..... ? त्यसै कारणले यो जतिसक्दो छिटो निजामती ऐन ल्याइदिएर मुलुकलाई कुनै आर्थिक भार पर्ने होइन, म पटक पटक भन्दै आएको छु । यो आर्थिकभारबाट जोड्ने कुरो यसलाई सङ्क्षिप्त रूपमा सरकारले व्यवस्थापन गरदियोस् । सँगै यो

वर्षायामको बेलामा सम्माननीयज्यू पनि नजर भएर आएको छ, हाम्रो सप्तरी, हामी पनि खोला खोलाकै बिचमा बस्या छु । तर अहिलेसम्म हाम्रो इनर्वादेखि वेल्ही भन्सार खण्डसम्मको सडकमा यसपाली मैले एउटा नयाँपन पाएँ, एकतिरबाट कोइलाडी चोकदेखि पूर्वबाट ६ सय मिटर अर्कोतिरबाट ९ सय मिटरको काम सुरू भा' छ तर त्यसमा पनि कुनै ध्यान, नयाँ बजेटमा आइपऱ्या छैन । म यही सदनमार्फत मन्त्रीज्यूलाई म ध्यानकर्षण गराउन चाहें । यथाशीघ्र त्यसमा पनि ध्यान जाओस् र हामीले जति किसानहरू यो बाढीको प्रकोपमा या अतिवृष्टिको प्रकोपमा परिरा'छु, उहाँहरूले राहत पाओस् र साँच्चिकै भन्ने हो भने त २ नम्बर प्रदेश त हामी मैले भन्नुपर्दा त नेपाल अधिराज्यकै भनिराख्या छु । अधिराज्यभरी नै पऱ्या छ । तापनि २ नम्बर प्रदेशमा त साँच्चिकै नै सबैतिर हेर्दा, यसो नियाल्दाखेरि सौताका छोराझैं व्यवहार भा'छ । त्यस्तो काम चाहिँ बन्द होस् । हामी पनि यसै नेपालभित्रका छौं । हामी पनि नेपाली नै छौं भन्दै आफ्नो दुई शब्द यही अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुल प्रसाद विश्वकर्मा । समय ५ मिनेट ।

(१६:०६ बजे) **<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**ः- सम्माननीय अध्यक्षज्यू, यहाँ सदनमा लामो समयदेखि अवरोध भइरहेको छ । प्रमुख प्रतिपक्षबाट बोल्ने माननीयज्यूले फेरि पनि आफ्ना कुरा दोहोऱ्याएर जानुभएको छ । उच्चस्तरीय आयोगमा गठन नहुँदासम्म यो अवरोध नै रहन्छ । त यसरी हामीले उच्चस्तरीय आयोगको माग गरेर लगातार संसद अवरोध गर्दा देशलाई कति क्षति पुगेको छ । जनताका तत्कालीन मागहरू उनीहरूका दैनिक समस्याहरूको बारेमा हामीले गर्नुपर्ने, पूरा गर्नुपर्ने जिम्मेवारीबाट हामी विमुख हुन परेको छ । त्यसैले यो उच्चस्तरीय समितिको जुन माग भएको छ । यसलाई एकपटक इतिहासतिर फर्केर हेरौं । ०४६/०४७ सालमा पनि जुन चाहिने उ भयो मल्लिक आयोग गठन भएको थियो । त्यसले जुन चाहिने प्रतिवेदन लिएको थियो । तिनीहरूमाथि कुनै कारबाही भएन । त्यसपछि पनि कैयौं आयोगहरूमा नि कैयौं उच्चस्तरीय समितिहरू बने । उनीहरूले आफ्ना रिपोर्टहरू दिए । खिलराज आयोग बन्यो । माननीय सांसद परी थापाको उसमा ३३ किलो सुन काण्डकोमा वहाँको आयोग बन्यो । वहाँले दिएका प्रतिवेदन पनि कारबाही भएन । हामीले कारबाही भएको देखेनौं । त्यसलाई कुनै उ गरिएन । अहिलेका प्रमुख प्रतिपक्षका साथीहरू सत्तामा भएको बेलामा पनि कैयौं प्रतिवेदनहरू आएका छन् । तर तिनी सबै हावाको भरमा गए । अब ती प्रतिवेदन तयार भएर त्यसलाई कार्यान्वयन नगर्ने हो भने त्यस्तो उच्चस्तरीय

आयोग र उच्चस्तरीय समितिहरू बनाएर निकालेको निष्कर्ष सही टुङ्गोमा पुग्छ भनेर कसरी विश्वास गर्ने । त्यसैले यो अडान प्रतिपक्षका साथीहरूले छोड्नुपर्छ भनेर मैले अनुरोध गर्न चाहन्छु । र देशलाई, जनतालाई र यो सदनलाई बन्दक बनाएर अहम् राष्ट्रिय सवाल र जनताका मुद्दाहरूलाई समाधान गर्नेतिर अवरोध खडा नगरौं । किनभन्दा मलाई त लाग्छ कतै यो अहिलेको छानबिन यहाँ समितिले जुन सीआईबीले यो उ गरेको छ, कतै भ्रष्टाचारको सुई प्रतिपक्षतिर पनि फर्किन्छ कि भन्ने डरले त काम गरेको छैन वहाँहरूलाई? मलाई त यो शङ्का लाग्छ । त्यसैले यो अवरोध चाँडै खुलाऊँ । उच्चस्तरीय छलफल र सहमति होस् । र यो सदन सुचारु होस् भन्ने मैले माग राख्न चाहन्छु ।

त्यसका साथै देश महङ्गीले थला परेको छ । किसानहरू चाहिँ समस्यामा छन् । नेपाली किसानले उत्पादन गरेको टमाटर ६ रुपियाँ किलो नबिकेर उनीहरूले सडकमा फाले । तर अहिले हामीले १२० भन्दा बढी किलोलाई हालेर खानुपरिरहेको छ । भारतले प्याजमा ४० प्रतिशत भन्सार लगाइदिएको छ । त्यसरी जनता दिन प्रतिदिन उनीहरू सङ्कटमा परिरहेका छन् ।

डेङ्गु रोगले कैयौं मानिसहरू थला परेका छन् । त्यस्तै अब यो lumpy skin का रोगले हजारौं पशुहरू मरिसके । बाढीपहिरोको समस्या कैयौं जिल्लामा जनताहरूले कठिन जीवन भोगिरहेका छन् । यसले त्यसो गर्दाखेरि यतातिर सरकारको ध्यान जनपर्‍यो र यो सदन हाम्रो ध्यान पनि त्यतातिर केन्द्रित हुन पर्‍यो भनेर मैले यहाँ चाहिँ राख्न चाहन्छु ।

अर्को कुराः कोशी प्रदेशको चुनावको कुरा आएको छ बाहिर त्यहाँ पुरानै एउटा नाटक फेरि दोहोरियो भन्ने कुरा चाहिँ आएको छ । पहिले पनि सभामुखले बराबरमा भएपछि मात्रै वहाँहरूले आफ्नो निर्णायक मत दिने हो । पहिले पनि सभामुखले मत हालेर त्यहाँ उ गरियो । तर अहिले पनि आएर फेरि त्यही घटना दोहोरियो भन्ने कुरा आएको छ । त्यसैले यो गलत हो । हामी लोकतान्त्रिक, गणतन्त्रलाई मान्नेहरू, यसको निम्ति लडेकाहरू यसलाई बचाउन, हुर्काउन हामी चाहिँ संसदमा आएकाहरूबाट नै लोकतन्त्र विरोधी अभ्यास हुन्छ भने यो लोकतन्त्र कसले बचाउँछ? के हामीले लोकतन्त्र अभ्यास गरेका छौं? आज हामी लोकतन्त्रका पक्षपातीहरूले नै लोकतन्त्रका सामान्य मूल्य मान्यतालाई उल्लङ्घन गरेर ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय खिमलाल देवकोटा । समय ५ मिनेट ।

**(१६:११ बजे) <u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, विपक्ष संसद चल्न नदिने, सरकार संसदलाई बिजनेस नदिने । वास्तवमा संसदलाई निकम्मा बनाउने काम विपक्ष, सत्तापक्ष दुवैबाट पटक पटक भएको छ । बास् यो भर्सनायोग्य छ । सत्तापक्ष र विपक्ष दलका बिचमा सुन तस्करीसम्बन्धी उच्चस्तरीय छानबिन समिति बनाउने भन्ने जुन सहमति भएको छ । एयरपोर्टजस्तो संवेदनशील स्थानबाट क्विन्टलका क्विन्टल सुन तस्करी हुनु राष्ट्रिय अन्तर्राष्ट्रिय लज्जाको विषय थियो, छ । तर योभन्दा पनि लज्जाको विषय सम्माननीय अध्यक्ष महोदय, नक्कली भुटानी शरणार्थीसम्बन्धी विषय हो । तर यसमा दलहरू किन बोल्दैनन् । किन चुपचाप छन् । यसको पनि छानबिन समिति बनाइयोस्, बहालवाला वा निवृत्त न्यायाधीश वा अन्य कुनै नागरिकको संयोजकत्वमा । संसद भन्दा बाहिरको व्यक्ति राखेर बनाइएको छानबिन समिति भन्दा सार्वभौमसत्ता सम्पन्न संसदको समिति बनाउँदाखेरि बढी विश्वासयोग्य हुन्छ, भरोसायोग्य हुन्छ भन्ने मेरो धारणा हो सम्माननीय अध्यक्ष महोदय । यसमा विशेष गरी दलहरूले सोच्नुपर्‍यो, ध्यान दिनुपर्‍यो र संसदलाई विश्वास गर्नुपर्‍यो ।

अध्यक्ष महोदय, गत वर्ष हामीले संघीयता कार्यान्वयनसम्बन्धी पन्ध्र बुँदे सङ्कल्प प्रस्ताव पेस गरेका थियौं । त्यो सङ्कल्प प्रस्तावको बुँदा नम्बर १ मा अन्तरतह समन्वयकारी संस्थाहरूको क्रियाशील गर भन्नेलगायतको कुराहरू थियो । र यही विषय यसको अर्थ के हो भने अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, अन्तरसरकारी वित्त परिषद्लगायतका समन्वयकारी संस्थाहरूको बैठक नियमित रूपमा बैठक राख, बैठकका निर्णयहरू कार्यान्वयन गर भन्नेलगायतका विषयहरू पनि हो । र संघीय शासन प्रणालीको सबलीकरणका लागि अन्तरतह समन्वयकारी संस्था जति पावरफुल अरू कुनै पनि हुँदैन भन्ने कुराहरू चाहिँ यो अन्तर्राष्ट्रिय संघीय शासन प्रणालीको अनुभवले पनि देखाएको छ । र हामीले एउटा अन्तरतह सम्बन्ध भन्ने एउटा कानुन जारी गरेका छौं । त्यो कानुन जारी गरेको ३/४ वर्ष भइसक्यो । बल्ल बल्ल हामीले यो संसदमा पटक पटक कराउँदा कराउँदा बल्ल बल्ल यो राष्ट्रिय समन्वय परिषद्को बैठक असार १६ गते पोखरामा, बैठक बस्यो । त्यो बैठकले संघीयता कार्यान्वयन सम्बन्धमा महत्त्वपूर्ण केही निर्णयहरू गरेको छ । जस्तो: तीन तहको सरकारबिचको अधिकारको प्रयोगमा देखिएका समस्याहरू समाधान गर्ने, अनुदान बाँडफाँटमा रहेका द्विविधाहरू अन्त गर्ने, एउटै प्रकृतिका कामलाई गठन भएका अलग अलग संरचनाहरू हटाउने, तीन तहका सरकारबिचको विकास आयोजनामा रहेका दोहोरोपना हटाउने, प्रदेश र स्थानीय तहमा जुन कर्मचारीको समस्या छ, त्यो समस्याको समाधान गर्नेलगायतका निर्णयहरू भा'को छ । र यसलाई म एकदम यो

एकदम प्रशंसायोग्य काम भा'को छ । त्यसको लागि म सम्माननीय प्रधानमन्त्रीजीलाई धन्यवाद दिन चाहन्छु ।

दोस्रो कुराः सम्माननीय अध्यक्ष महोदय, संघीय संसदका सभामुख, अध्यक्ष, उपसभामुख, उपाध्यक्ष र सातओटै प्रदेशका सभामुख उपसभामुखहरूको यही साउन ५ र ६ गते काठमाडौंमा भएको भेलाको निष्कर्षको बुँदा नम्बर ५ मा राष्ट्रिय सभाको संघीयता कार्यान्वयनसम्बन्धी विशेष समितिको सिफारिस कानुनको लागि सरकारलाई ध्यानाकर्षण गराउने भन्ने छ । संघीयता कानुनसम्बन्धी राष्ट्रिय सभाको प्रतिवेदनलाई प्रतिनिधि सभा र सातओटै प्रदेश सभाले जुन अपनत्व ownership लिएका छन्, यसको लागि चाहिँ म धन्यवाद दिन चाहन्छु र विशेष गरी सम्माननीय अध्यक्षज्यूप्रति आभार प्रकट गर्दछु ।

अध्यक्ष महोदय निजी विद्यालयलाई गुठीमा लग्ने, खारेज गरेको शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय बिउँताउनेलगायतका प्रावधानहरू सच्याएर राखेर मन्त्रिपरिषद्ले विद्यालय शिक्षा विधेयक स्वीकृति गरेको खबर आएको थियो । सरकारले विधेयक संसदमा दर्ता गरेन, हामीले सोच्यौं सरकारले संघीयता विरोधी प्रावधान संसदमा विधेयक दर्ता गर्ला तर मैले अहिले सुन्दै छु, सम्माननीय अध्यक्ष महोदय, निजी विद्यालयहरूको माग मात्रै सम्बोधन गरेर विधेयक दर्ता गरिँदैछ अरे । संघीयताको भावनासँग मेल नखाने संस्थाहरू खारेज गर्ने भनेर राष्ट्रिय समन्वय परिषद्को पोखराको भेलाको निर्णयको मसी नसुक्दै फेरि खारेज गरेका संस्थाहरू जुन बिउँताउने गरेर जुन विधेयक दर्ता गर्ने भनेर सुनिँदै छ, यो भर्सनायोग्य छ सम्माननीय अध्यक्ष महोदय यसको म विरोध गर्छु । यसलाई सच्याउन जरुरी छ ।

अध्यक्ष महोदय, अलिकति संसदको कुरा गरौं । बेलायतको संसदको यो webpage चाहिँ parliament.uk छ । अमेरिकी उपल्लो संसदको यो पार्लियामेन्टको यो webpage चाहिँ cenate.gov छ र तल्लो सदनको चाहिँ house.gov छ । भारतकै कुरा गर्ने हो भने sansad.in छ । तर हाम्रो संसदको webpage, parliament.gov.np छ । अनि मेरो प्रश्न, सम्माननीय अध्यक्ष महोदय, sansad, parliament भनेको संसद, gov भनेको नेपाल सरकार भन्ने पनि कहीं हुन्छ । यस्तो पनि हुन्छ । हामीले यो विषय छलफल गर्नुपर्छ कि पर्दैन? र मैले यो प्रसङ्ग किन जोडेको हो भने सम्माननीय अध्यक्ष महोदय, संसद स्वतन्त्र, स्वायत्त छ भन्ने पुष्टि यो domain ले पनि दिनुपर्छ । यो websites, यो mistake छ । यो correction गर्नुपर्छ । र यो सरकारको यो domain मा यो websites मा सरकारको यो छाया छ । त्यो छाया देखिन हुँदैन भन्ने मेरो अनुरोध हो तर यहाँ चाहिँ मैले के पाएँ भने सम्माननीय अध्यक्ष महोदय कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका सबैको एउटै domain छ .gov.np ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय बामदेव गौतम । समय ५ मिनेट ।

(१६:१६ बजे) **माननीय श्री बामदेव गौतम (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, म संसदमा २०४८ सालदेखि निरन्तर त भन्न सक्दैन तर बिच बिचमा छोड्दै सामेल भएको छु । मैले बुझेको संसद यसको मुख्य जिम्मेवारी कानुन बनाउने, बजेट पारित गर्ने र सांसदहरूले आफ्ना निर्वाचन क्षेत्रका या अरू जिल्ला, राष्ट्रका कतिपय विषयका आधारमा सरकारको ध्यानाकर्षण गर्ने थलोको रूपमा विकसित भएको मैले पाएको हुँ । र संसदको समय अत्यन्त महत्त्वपूर्ण हुन्छ भनेर पहिलोपटक संसदको बारेमा प्रशिक्षण लिँदा खेरी मैले सुनें । त्यसबेलादेखि आजसम्म मैले यो मान्दै छु । संसदको समय अत्यन्त महत्त्वपूर्ण हुन्छ । नियमभित्र रहेर मात्रै बोल्न पाइन्छ । नियमभन्दा बाहिर गएर बोल्न पाइँदैन । र नियमले प्रतिबद्ध गराएका जति पनि विषयहरू छन्, त्यहीअनुसार जानुपर्दछ । त्यसो भएर जति पनि संसदमा विषयवस्तुहरू प्रस्तुत हुन्छन्, ती सबै कार्यक्रममा आउनुपर्छ । कार्यक्रममा नआइकन शून्य समयसम्म कार्यक्रममा उल्लेख नभएको मैले विगतमा पाएँ । अहिले विशेष समय पनि कार्यक्रममा उल्लेख छैन । यो यसकारण पनि जरुरी छ कि बिचमा कसैलाई मन परेन अथवा एउटा पार्टीलई मन परेन अथवा दुइटालाई मन परेन, बिचैमा पनि उठेर अवरोध गर्ने स्थिति अन्त्यको निम्ति हामीले नियमलाई पालना गर्नुपर्छ, कानुनलाई पालना गर्नुपर्छ, संविधानलाई पालना गर्नुपर्छ । त्यसो भएर यो विषय, विशेष समयमा बोल्ने या अरू कुनै पनि क्रियाकलापको निम्ति कार्यक्रममा उल्लेख हुनैपर्छ । र बिचमा उठेर बोल्दाखेरि सम्माननीय अध्यक्षज्यू, मैले यहाँको ध्यानाकर्षण गराउन चाहन्छु । यहाँलाई कार्यक्रममा उल्लेख नभएको विषयमा बोल्नुस् भनेर भन्ने अधिकार हुन्न । विशेष अधिकार पनि हुँदैन । त्यसो भएर त्यस्तो विषय कुनै पनि हालतमा सुन्न सकिन्नँ । संसदले ग्रहण गर्न सक्दैन । यसलाई कसरी लागु गर्नुहुन्छ? संसदको यो क्रियाकलाप संसदको यो संस्कृति, संसदको यो संस्कार, यो ३ सय ४ सय वर्षदेखि अवलम्बन गर्दै आएको यो संसदको संस्कृति हो, संस्कार हो । यसलाई कसरी स्थापित गर्ने? यसलाई स्थापित गर्नको निम्ति अवरोध भइरहेको छ । तर त्यसको मुख्य जिम्मेवार, त्यो सदनको अध्यक्षको हुन्छ । राष्ट्रिय सभामा, राष्ट्रिय सभाको अध्यक्षको हुन्छ । र प्रतिनिधि सभामा सभामुखको हुन्छ । मैले त्यो भूमिका, त्यो अवरोध हटाउनुको निम्ति भूमिका खेलेकोजस्तो मैले महसुस गर्न सकिनँ । यद्यपि मैले थाहा नपाएर पनि त हुन सक्छ । तर सरकारले गरेन, सरकारले गरेन भन्ने मैले सुन्छु । र सरकार सहयोगी हुन सक्छ यहाँको निम्ति? सदनको निम्ति? अध्यक्षभन्दा माथि अर्को छैन । प्रतिनिधि सभाको निम्ति सभामुख हो तर राष्ट्रिय सभाको निम्ति राष्ट्रिय सभाको अध्यक्ष हो । र हामी

कस्तो किसिमको संस्कारसहितको कस्तो संस्कृतिसहितको सदन हामी हाम्रा generation हरूलाई दिन चाहन्छौं । समाजवाद पनि यही संसदबाट निर्माण गर्ने भनेर हामीले सङ्कल्प गरेका छौं । र जनताको बहुदलीय जनवादलाई मान्नेहरूले सङ्कल्प गरेका छन् । के यस्तै हुन्छ? संविधान निर्माण गर्ने थलो यस्तै हुन्छ? नीति, कार्यक्रम पास गर्ने थलो? जे मन लाग्यो त्यही गरेको छ । जसलाई जे मन लाग्यो त्यही बोलेको छ । नियम चाहिँदैन? संविधान चाहिँदैन? केही पनि चाहिँदैन? जस्तोसुकै बोलेको छ र संसद अवरोध गरेको छ । कसैलाई मन लाग्यो संसद अवरोध, एक जनताको बहुदलीय जनवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मानेर आउनेहरूले नै आज संसद अवरोध गरिरहेका छन् । के जनताको बहुदलीय जनवादको सिद्धान्तले भन्छ? यो बहुदलीय प्रतिस्पर्धा .....(समय सकिएको)

(१६:२१ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, समसामयिक विषयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण, मन्दिपरिषद्को गठन र मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी ।

(माननीय तुलसा कुमारी दाहालले टेबुल ठोकेर केही कुरा भन्न खोज्नुभएको र प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगाडि उभिनुभएको ।)

माननीयज्यू, के छ आफ्नो भनाइ एकदम सङ्क्षेपमा राख्नुस् । माननीयज्यू ।

(१६:२१ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, संसदको प्रतिपक्ष दल नेकपा एमालेले सुन काण्डको विषयमा नै समयमा नै उच्चस्तरीय छानबिन समिति बनाएर जाऔं भनेको थियो । सरकार र सत्तापक्ष सुनुवाइको पक्षमा छैन । वास्ता गर्दैन । गम्भीरतापूर्व लिएको छैन । हामीले संसद अवरुद्ध गर्न चाहेका छैनौं । जनताका सरोकारका विषयहरू छलफल गर्न पर्ने थियो । (**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, यस्तो उठी उठी बोल्ने त त्यो छैन हाम्रो परम्परा ।) सही, सही अवस्थाको सही विश्लेषण गर्न नसकेको सरकारले नै हो । दोष थोपर्ने काम मात्रै प्रतिपक्ष दललाई लगाइरहेको छ । यो ठिक होइन । नेपालको एयरपोर्टमा अवैध सुन भित्रिन्छ पटक पटक होइन, धेरैपटक । अन्तर्राष्ट्रिय सुन तस्करीहरूको ट्रान्जिट बनिरहेको छ नेपाल । सुनको

अवैध कारोबार भइरहेको छ । राजस्व छल्ने, तालमेलविना सम्भव छैन । मेटल detector machine ले २२ पटकसम्म recheck को सङ्केत गर्छ । पुनः check गर भन्छ । तर recheck हुँदैन । किन हुँदैन? यो मिलेमतो नभएर सम्भव छ र? भ्रष्टाचारको सुई प्रतिपक्षतिर ठडिने हो कि भनेर माननीयज्यूहरूले चर्चा गरिरहनुभएको छ । सत्ता यहाँहरूको हातमा छ, सरकार यहाँहरूको हुनुहुन्छ । राज्यका संरचनाहरू यहाँहरूको साथमा छ । ती फाइलहरू खोले भयो नि, अपराधीहरूलाई कारबाही गरे भयो नि । हामी त कारबाही गर्नुहोस् भन्न चाहन्छौं । तपाईंहरू किन खुट्टा कमाइरहनुभएको छ । सीबीआईले अनुसन्धान गरेको कुरोमा हाम्रो विरोध छैन । हामी शङ्का पनि गरिरहेका छैनौं । उसको दायरा र सीमाको कुरा मात्रै गरेका हौं । सरकारका मन्त्रीहरूप्रति जिम्मेवार व्यक्तिहरूप्रति नै जुन प्रश्न र शङ्का उब्जिएको छ । त्यो सीबीआईले गर्न सक्दैन । उच्चस्तरीय छानबिन समिति बनाएर जाऔँ भनेर हामीले भनिरहेका छौं । सरकारले वास्ता गरिरहेको छैन । त्यसैले म सम्माननीय अध्यक्ष महोदय, म सम्माननीय अध्यक्ष महोदयमार्फत के कुरा भन्न चाहन्छु भने प्रतिपक्षले उठाएको विषयमा सरकार अहिले पनि गम्भीर छैन । अहिले पनि सरकारले तदारुकता लिइरहेको छैन । त्यसैले आज राखिएको कार्यसूचीको जुन विषयवस्तु छ । यो विषयवस्तुलाई अगाडि नबढाइयोस् । जबसम्म सरकारले सुन काण्डको विषयमा छानबिन समिति बनाउँदैन, उच्चस्तरीय छानबिन समिति नबनाउँदासम्म प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको विरोध जारी रहन्छ । यो कुरा अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगाडि उभिनुभएको ।)

**(१६:२४ बजे)** **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, प्रतिपक्षका माननीय सदस्यहरूलाई म बस्न आग्रह गर्दछु । किनकि संवाद छलफलबाट नै सहमतिको प्रयासहरू भा'को कुराहरू आइरहेकै छन् । राष्ट्रिय सभाका माननीय सदस्यहरूले भोलिसम्ममा आउने सहमतिका ती प्रयासहरूलाई सम्मान गर्दै आजबाटै यो बैठकलाई नियमित सुचारु गरौं । फेरि सहमति भएनछ भने यहाँहरूको मार्ग अगाडि बढ्नलाई त खुला नै हुने छ । त्यसकारण म बस्न आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**(१६:२६ बजे)** **सम्माननीय अध्यक्ष**:- प्रतिपक्षका माननीयहरू उभिइरहने सत्तापक्षका हिँडिरहने, यो हाउस अब कसरी चलाउने कसो माननीयज्यूहरू? माननीय सदस्यहरू, आजको कार्यसूचीमा रहेका विषयहरूलाई कार्यसूचीबाट हटाएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल भदौ १० गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल भदौ १० गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १६:२६ बजे ।**